# न्यूजप्रवाह साप्ताहिक

Newsprabah weekly

स्थानीय 'ग' वर्गमा वर्गीकृत




"मास्टर्नी" मा लाखमाथिको इभी स्कुटर (पृष्ठ ३ मा)


❖ वर्ष ६ ❖ अंक ५ ❖ २०८३ भदौ ३ गते बुधबार ❖ Wednesday, 19 Aug, 2026 ❖ मूल्य रु. १०।- ❖ पृष्ठ ६ ❖ (Website : www.newsprabah.com)


### ३२औं तामाङ प्रसारण दिवस

## 'आफ्नै भवन निर्माण प्रक्रिया अघि बढाउन जोड दिनुपर्छ'

**- बिना तामाङ**

भरतपुर । तामाङ पत्रकार संघ बागमती प्रदेशका सदस्य ३२औं तामाङ प्रसारण दिवसको अवसरमा बोल्दै कार्यक्रमका प्रमुख अतिथि समेत रहेका




बबिलाल तामाङले तामाङ पत्रकार संघ चितवनको आफ्नै भवन निर्माणको प्रक्रिया अघि बढाउनुपर्ने बताएका छन् ।

सोमबार भरतपुरमा आयोजित तामाङले संस्थाको स्थायित्व र पत्रकारिता गतिविधिलाई थप प्रभावकारी बनाउन आवश्यक भौतिक पूर्वाधार निर्माणमा ध्यान दिनुपर्ने बताएका हुन् ।

उनले संस्थागत विकाससँगै तामाङ भाषा संरक्षण र प्रवर्द्धनलाई पनि प्राथमिकतामा राख्नुपर्ने बताए । तामाङ समुदायमा मातृभाषाको प्रयोग बढाउन नियमित भाषा प्रशिक्षण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक रहेको उनको भनाइ थियो ।

संघको संस्थागत सुदृढीकरणका लागि आफ्नै भवन निर्माणको कामलाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने उल्लेख गर्दै उनले भौतिक पूर्वाधारको विकासले संघका गतिविधिलाई थप व्यवस्थित र प्रभावकारी बनाउन सहयोग पुग्ने बताए ।

कार्यक्रममा तामाङ पत्रकार संघ चितवनका संस्थापक अध्यक्ष उर्गेन तामाङ, संस्थापक उपाध्यक्ष सरस्वती तामाङ, निवर्तमान सचिव राजेश रुम्बा लामा र कोषाध्यक्ष युवक तामाङले मन्तव्य व्यक्त गरेका थिए ।

उनीहरुले तामाङ भाषा, संस्कृति र पहिचानको संरक्षण तथा प्रवर्द्धनमा सञ्चार क्षेत्रको महत्वपूर्ण भूमिका रहेको बताए। उनीहरूले तामाङ पत्रकारितालाई थप व्यवस्थित, प्रभावकारी र संस्थागत बनाउन आवश्यक रहेकोमा जोड दिए ।

तामाङ प्रसारण दिवसले तामाङ भाषामा सञ्चार सामग्रीको उत्पादन तथा प्रसारणसँगै मातृभाषाको

*(बाँकी ५ पेजमा)*

### मानव-वन्यजन्तु द्वन्द्व घटाउन सहकार्यको खाँचो

## वन्यजन्तुको दिगो व्यवस्थापनमा जोड

**- बबिलाल तामाङ**

भरतपुर । नेपालमा पछिल्लो समय मानव र वन्यजन्तुबीचको द्वन्द्व गम्भीर सामाजिक-पर्यावरणीय चुनौतीका रूपमा देखा परेको छ । यस समस्याको दीर्घकालीन समाधानका लागि स्थानीय तह, निकुञ्ज, सुरक्षा निकाय, उपभोक्ता पर्यापर्यटन प्रवर्द्धनमा सामूहिक जिम्मेवारी आवश्यक रहेको धारणा राखेका छन् ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी गणेश अर्याल, प्रहरी प्रमुख रामेश्वर पौडेल, सेनानी दिनेश केसीलगायत जनप्रतिनिधि तथा संरक्षणकर्मीहरूको सहभागिता



समिति तथा समुदायबीचको सहकार्य अपरिहार्य मानिएको छ ।

चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र केरुङ्गा उपभोक्ता समितिले भरतपुर-२३ मा आयोजना गरेका अन्तर्क्रिया कार्यक्रममा सरोकारवाला निकायका प्रमुखहरूले मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणसँगै वन्यजन्तुको दिगो व्यवस्थापन र थियो । चितवन राष्ट्रिय निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत दिलबहादुर पुर्जा पुनले निकुञ्ज ऐन २०२९ र मध्यवर्ती नियमावली २०५२ मा आवश्यक संशोधन गर्दै राहत रकम वृद्धि तथा स्थानीय-निकुञ्ज सहकार्यलाई मजबुत बनाउनुपर्ने आवश्यकता औंल्याए ।

*(बाँकी ५ पेजमा)*

## मञ्जुश्री म्हाणिपा आमा समूहको अध्यक्षमा पासाङ

भरतपुर । भरतपुर महानगरपालिका-११ स्थित मञ्जुश्री म्हाणिपा आमा समूहको अध्यक्षमा पासाङ तामाङ निर्विरोध निर्वाचित भएकी छन् ।

शनिबार छेच्यु थर्पलिङ गुम्बा परिसरमा सम्पन्न समूहको नवौं वार्षिक साधारण सभा तथा दोस्रो अधिवेशनले तामाङलाई अध्यक्षमा निर्विरोध चयन गरेको हो ।

अधिवेशनबाट उपाध्यक्षमा इन्द्रकुमारी तामाङ, सचिवमा दिलमाया लामा, कोषाध्यक्षमा दुर्गा पाख्रिन र सहसचिवमा लक्ष्मी पाख्रिन चयन भएका छन् ।

त्यस्तै सदस्यहरूमा कालीमाया



तामाङ, मिनमाया लोप्चन, सुनमाया दोङ, कान्छीमाया दोङ, कान्छीमाया पाख्रिन, मिन्जी दोङ, सुमित्रा पाख्रिन, ठूलीकान्छी दोङ, बिरुणा थिङ, दुर्गाकुमारी पाख्रिन, निरमाया जिम्वा, शोभा तामाङ, मांगमाया पाख्रिन, विनु जिम्बा, अन्जिता लामा, चन्दमाया बमजन, निर्मला, जिम्बा, विष्णु थिङ र फूलमाया योन्जन चयन भएका छन् ।

कार्यक्रमका प्रमुख अतिथि भरतपुर नगर तामाङ समाजका पूर्वअध्यक्ष गंगालाल तामाङले नयाँ कार्यसमितिलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिए ।

उनले तामाङ समुदायको भाषा, संस्कृति, परम्परा र मौलिक

*(बाँकी ५ पेजमा)*

### 'मानवताका लागि रक्त अभियान'

## नारायणी नदीकिनारमा हरेक साँझ रक्तदान

**- मेकना तामाङ**

भरतपुर । नारायणी नदी किनारको साँझ अब रमणीय दृश्य मात्र होइन, जीवन बाँड्ने अभियानको प्रतीक बनेको छ । ' मानवताका लागि रक्त अभियान' नाम दिइएको यो अभियानअन्तर्गत हरेक दिन बेलुकी ४:०० बजेदेखि ८:०० बजेसम्म नदीकिनारमा पाल टाँगेर रक्तदान कार्यक्रम सञ्चालन हुँदै आएको छ ।

चौतारीको छेउमा टाँगिएको सानो पालभित्र स्वास्थ्य प्राविधिकले रक्तदाताको स्वास्थ्य परीक्षण गरी रगत सङ्कलन गर्छन् । घुम्न आएका



सर्वसाधारण स्वःस्फूर्त रूपमा रक्तदानमा सहभागी हुन्छन् ।

संयोजक राजेन्द्रप्रसाद पौडेलका अनुसार दैनिक साँझ यहाँ उत्साहजनक संख्यामा रक्तदाता

*(बाँकी ५ पेजमा)*





## सूचनाको हक: नागरिकको मौलिक अधिकार

- ❖ सार्वजनिक सरोकारका सूचना प्राप्त गर्नु नागरिकको अधिकार हो,
- ❖ सार्वजनिक सरोकारका सूचना उपलब्ध गराउनु राज्यको दायित्व हो,
- ❖ सही, तथ्यपरक र आधिकारिक सूचना आदान-प्रदान गरौं,
- ❖ सार्वजनिक निकायमा कानुनबमोजिम सूचना अधिकारी तोक्ने गरौं,
- ❖ डिजिटल प्रविधिको प्रयोग गरी सूचनामा नागरिकको पहुँच विस्तार गरौं,
- ❖ प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुन्छ, तर कानुन बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पार्न मिल्दैन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# न्यूजप्रवाह

Newsprabah weekly साप्ताहिक

प्रकाशक : बि. एण्ड बि. मिडिया नेटवर्क प्रा.लि.
प्रधान सम्पादक : बबिलाल तामाङ
सम्पादक : मेकना तामाङ
प्रधान कार्यालय : भरतपुर–१६, चितवन
फोन : ९८४५०६७४१४
इमेल : newsprabah@gmail.com
शाखा कार्यालय : गैंडाकोट, शिव अधिकारी मो. ९८४५२०५९२०
शाखा कार्यालय : मुग्लिन, रोहिणी त्रिपाठी मो. ९८४५८०६२९४
मुद्रक : बहुमुखी छापाखाना, भरतपुर–३, प्रेसमार्ग


## सम्पादकीय

# विपद्को पूर्वतयारीमा गम्भीर बनौँ

नेपालमा विपद् व्यवस्थापनको बहस प्रायः विपद् घटिसकेपछि मात्र चर्को रुपमा उठ्ने गरेको छ। मनसुन सुरु भएसँगै पहाडी जिल्लाहरुमा पहिरोले जनधनको ठूलो क्षति पुऱ्याउँदा राहत र उद्धारमा सरकार सक्रिय देखिए पनि दीर्घकालीन पूर्वतयारीमा भने कमजोरी स्पष्ट देखिन्छ। जाजरकोट भूकम्पका पीडित अझै सुरक्षित आवासमा बस्न नसकेको दृष्टान्तले व्यवस्थापकीय पक्षको कमजोरीलाई उजागर गर्छ। विपद् व्यवस्थापनको मूल मर्म भनेको घटनापछि प्रतिक्रिया दिनु मात्र होइन, घटनाअघि नै जोखिम पहिचान, न्यूनीकरण र पूर्वतयारी गर्नु हो। तर, नेपालमा यो सोच अझै प्रतिक्रियामुखी छ। राहत वितरण र उद्धारमा केही प्रगति भए पनि जोखिम पहिचान, भौगर्भिक अध्ययन, बस्ती स्थानान्तरण, पूर्वसूचना प्रणाली र दीर्घकालीन पुनर्स्थापनामा अपेक्षित गति लिन सकेको पाइँदैन। पहिरोको सम्भावना रहेका क्षेत्रको जोखिम नक्साङ्कन र वैज्ञानिक अध्ययनलाई नियमित सरकारी कार्यक्रमका रुपमा अघि बढाउन जरुरी छ। यसका लागि भूगर्भविद्, जलविज्ञ, इन्जिनियर, वातावरणविद् तथा स्थानीय प्राविधिक जनशक्ति सम्मिलित बहुविषयगत टोली परिचालन गर्नुपर्छ।

अध्ययन टोलीले पहिरो गएको स्थान मात्र हेरेर प्रतिवेदन तयार गर्ने होइन, व्यापक जोखिम मूल्याङ्कन गरेर उच्च जोखिममा रहेका बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, मध्यम जोखिममा संरचना निर्माण गर्ने र न्यून जोखिममा निगरानी बढाउने नीति लिनुपर्छ। विद्यालय, स्वास्थ्य संस्था, सडक, खानेपानीजस्ता पूर्वाधार निर्माण गर्दा भौगर्भिक जोखिम मूल्याङ्कनलाई अनिवार्य बनाइनुपर्छ। संविधानले स्थानीय तह र प्रदेशलाई विपद् व्यवस्थापनमा महत्त्वपूर्ण जिम्मेवारी दिएको छ। त्यसैले प्रत्येक पालिकाले आफ्नो भूगोलभित्रका जोखिमयुक्त बस्ती, सडक, पुल, विद्यालय, स्वास्थ्य संस्था र अन्य पूर्वाधारको जोखिम नक्सा तयार गर्नुपर्छ। स्थानीय विपद् व्यवस्थापन समितिलाई कागजी संरचनामा सीमित नराखी प्राविधिक क्षमता, बजेट र तालिम उपलब्ध गराउनुपर्छ। प्रदेश सरकारले पालिकाबाट प्राप्त जोखिम विवरणलाई एकीकृत गरी प्रदेशस्तरीय जोखिम नक्सा तयार गर्ने, प्राविधिक जनशक्ति उपलब्ध गराउने र उच्च जोखिमका बस्तीको पुनर्स्थापनामा सहजीकरण गर्ने भूमिका निर्वाह गर्नुपर्छ।

नागरिकको जीवनरक्षा र दीर्घकालीन पुनर्स्थापनाका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई थप प्रभावकारी बनाउन आवश्यक छ। प्राधिकरणको काम केन्द्रमा सीमित राखेर देशभरको विपद् जोखिम व्यवस्थापन सम्भव छैन। प्रत्येक प्रदेशमा प्राविधिक इकाइ र प्रत्येक पालिकामा दक्ष जनशक्ति आवश्यक छ। संघले मापदण्ड, प्रविधि र बजेट उपलब्ध गराउने, प्रदेशले समन्वय गर्ने र पालिकाले कार्यान्वयन गर्ने स्पष्ट कार्यविभाजन आवश्यक छ। विपद् व्यवस्थापनको अर्को महत्त्वपूर्ण पक्ष पूर्वसूचना प्रणाली हो। वर्षा मापन, नदीको जलस्तर, भू–क्षय तथा पहिरोको सम्भावनासम्बन्धी सूचना स्थानीय तहसम्म तत्काल पुग्ने व्यवस्था हुनुपर्छ। सूचना पाएपछि नागरिकलाई सुरक्षित स्थानमा सार्न सक्ने स्थानीय संयन्त्र बलियो हुनुपर्छ। पूर्वसूचना आएर पनि निर्णयमा ढिलाइ हुने हो भने प्रविधिमा गरिएको लगानीको अर्थ रहँदैन। त्यसैले विपद् व्यवस्थापनका लागि जोखिम पहिचान, वैज्ञानिक अध्ययन, पूर्वसूचना प्रणाली, स्थानीय क्षमता अभिवृद्धि र दीर्घकालीन पुनर्स्थापनामा गम्भीरतापूर्वक ध्यान दिन सकेमात्र विपद्को पीडा घटाउन सकिन्छ। विपद् सङ्केत दिएर नआउने भएकाले समयमै पूर्वतयारीमा जुट्नु आवश्यक देखिन्छ।

## पुरानो पुस्तक

# सात दशक पहिलेको नेपाली समाजको दर्पण–'बसाइँ'



- रामचन्द्र भट्ट

समीक्षा

'बसाइँ' उपन्यास पहिलो पटक कहिले पढेँ भनेर अझै ताजा छ। एसएलसी दिएर बसेपछि ६ महिना कुर्नुपर्थ्यो रिजल्टका लागि। ६ महिनाको लामो अवधि छुट्टी हुन्थ्यो, माघको सुक्खामा दिएको परिक्षाको नतिजा बाढी पहिरोको सिजनमा बल्ल सार्वजनिक हुनेगर्थ्यो। स्कूल सुरु गरेपछि लामो छुट्टी पाउने भनेको त्यही एसएलसी पछिका ६ महिना मात्र हुन्थे। नत्र त्यतिखेर बर्षे बिदा पनि ५० दिन मात्र हुन्थ्यो।

गाउँकै कृष्णप्रसाद न्यौपाने (हामी 'कृष्ण दाई' भनेर संवोधन गर्थ्यौं) क्याम्पस जान थालिसकेका थिए। उनी क्याम्पसको लाइब्रेरीबाट कथा, निवन्ध, उपन्यास, इतिहासका किताबहरु ल्याउँथे। त्यतिखेर संभवत किताब फिर्ता गर्नुपर्ने सीमा सात दिनको हुन्थ्यो। कृष्ण दाईले पढिसकेपछि म माग्थेँ। मोटामोटा भएपनि मैले बढीमा दुई दिनमै पढि सिध्याएर फिर्ता गर्थे। किताब हात परेपछि रातभरि नसुति भएपनि सिध्याउने बानी थियो मेरो।

बसाइँ उनीबाट लिएर पहिलो पटक पढेको थिएँ। त्यसपछि दोस्रो पटक चाहि आफैं क्याम्पसमा पढ्न थालेपछि आइए पहिलो वर्षमै ऐच्छिक हो या अनिवार्य नेपाली फेरि पढियो। तेस्रो पटक भने भरखरै पढि सिध्याएँ।

केही महिना अघि मेरो दिमागमा एउटा अनौठो सनक चढ्यो। ५० वर्ष पुराना साहित्यिक कृतिहरु संकलन गर्ने। त्यसका त्यस्ता कृतिहरुको सूचि आफैंले बनाएँ, जो मलाई 'यी चाहि ५० वर्ष पुगिसकेका हुन्' भनेर जानकारी थियो। सुरुको चरणमा रुपमति, बसाई, एक चिहान, मन जस्ता कृतिहरु मगाएँ। नेपाल जानुभएको समयमा मित्र कृष्ण लोहनीजीले यी पुस्तकहरु ल्याइदिनुभयो।


बसाई पढिसकेपछि केही लेख्न मन लाग्यो।

यसलाई तेहेर्याएर पढिसक्दा आफ्नै वरिपरीको, आफ्नै गाउँ वल्लोपल्लो गाउँकै घटना पो हो कि जस्तो लाग्यो। किनकी गाउँका साहुहरुले सयकडा ६० सम्म व्याज लिएर गरीबहरुलाई उठीबास लगाएको, आसामीका परिवारले ज्याला समेत नपाई निशुल्क श्रम गर्नुपरेको, साहु र तिनका छोरा भाई भतिजाहरुले आसामीका छोरी बुहारीमाथि कुदृष्टि मात्र नभै दुर्व्यवहार गरिनु सामान्य हुन्थे।

साहित्य मनोरञ्जनको माध्यम मात्र नभै जतिखेर लेखियो त्यो समयको वर्णन पनि हो। त्यो सेरोफेरोको समाज, परिवेश, संस्कार संस्कृति, भेषभुषाको चित्रण हो। त्यतिखेरको समाज देखाउने ऐना पनि हो साहित्य। बसाइ सात दशक अघिको नेपाली पहाडी समाज देखाउने एउटा ऐना हो।

भारतको गुवाहाटीमा जन्मिएपनि नेपाली भाषा साहित्यमा दर्जनौ कृतिहरु दिएका लीलबहादुर क्षेत्रीले लेख्नुभएको, गाउँका साहु महाजन भनिने शोषक सामन्तीहरुबाट घरबास उखेलिएर अनिश्चित यात्रामा निस्किएकाहरुको कथा हो बसाई उपन्यास।

लेखक क्षेत्रीले उल्लेख गरे अनुसार बसाइको लेखनी सन् १९५७ मा समाप्त भएको थियो। यस हिसाबले बिक्रम सम्वतमा ढाल्दा २०१४ साल हुन्छ।




जुन आजभन्दा ७० वर्ष अघिको समाजलाई बसाईले देखाएको छ। पुस्तकको पहिलो संस्करण पनि २०१४ मै मदन पुरस्कार पुस्तकालयबाट भएको उल्लेख गरिएको छ।

कुनै अज्ञात गाउँको धने, उसकी जहान मैना, उसकी बहिनी झुमाको दुःख, पीडा र साहुको अत्याचारको सेरोफेरोमा सिङ्गो बसाई उपन्यास सकिएको छ। दुध बेचेर ऋण निखन्ने र बालक छोरो आत भिजाउने अभिलासामा हलगोरु बन्धकी राखेर भैंसी किन्छ धनेले। दुध बेच्ने, एकाध वर्षमा पाडी व्याउने भएपछि त्यसलाई समेत बेचेर सुखी जीवन बिताउने सोमशर्माको सातुको कथा झै उसले सपना सँगालेको हुन्छ।

तर जहाँ गहिरो, त्यही पहिरो भनेझै भैंसी ल्याएको दुई हप्ता नपुग्दै पाडी एक्कासी मर्छ। त्यस दिनदेखि धने र उसको परिवारको दशा सुरु हुन्छ।

भैंसी फुकेर लेउते दमाईको बाली खाएपछि मुखियाको सभाले तीन मोहोर अर्मल तिर्नुपरेको घटनाले समाजमा गरिबले गरिबलाई माया दया सदभाव राख्ने भन्दा पनि गरिब आफ्नो पुरानो अवस्थाबाट माथि उकासियो भने उसले पहिलेका समान हैसियतका गरिबमाथि झनै थिचोमिचो गर्छन भन्ने सन्देशका पात्रका रुपमा लेउते दमाई, दोबाटे साहिलो उभिएको छ।

पाडी मर्नु, गर्भवती भैंसी पनि तुहिनु, कालान्तरमा भैंसी किनेको ऋण तिर्न नसकेर बन्धकी राखिएको हलगोरु बैदार बुढाले फुकाएर लैजानुले धनेको जीवन दुःख पाउनका लागि मात्र यो धर्तीका आएको हो कि भन्ने पर्छ। जस्तोसुकै दुःख, वेदना लुकाएर लोग्नेलाई दुःखी देख्न नसक्ने उसकी देवी जस्ती पत्नी मैना भएपनि उसलाई एकपछि अर्को गर्दै दुःख दिएर भगवानले परिक्षण मात्र गरिरहेको हो कि भन्ने बसाईका पाठकहरुलाई पर्छ।

गरिबका दुःख देख्न र सुन्न नसक्नेहरुका लागि हरेक पेजमा रुवाउने र आँशु झार्ने सन्दर्भहरु आइरहन्छन्।

अझै झुमाको जीवनमा अनायास आएको रिकुटेका कारण परिवारनै छिन्नभिन्न हुनपुग्छ। रिकुटेले मुगलान लैजाने लोभ देखाएर झुमाको सतित्व लुट्छ, गर्भवती बनाउँछ र वेपत्ता हुन्छ। उसैत गरिब भएपछि समाजमा हेपिएको परिवार रिकुटेको चिनोका कारण समाजमा कसरी मुख देखाउने तनावमा पर्छ। त्यही झोकमा भाउजु मैनाले रिसमा बोलेको 'यस्तो सहनुभन्दा त मर्नु नि' भनेको वचन सहन नसकेर भीरबाट फाल हालेर आत्महत्या गर्न निस्किन्छिन्। तर झुमालाई एकतर्फी मन पराउने मोटेकार्कीले देखेर बचाउँछ र रातिनै गाउँ छाडेर अज्ञात ठाउँ जान्छन्।

यसो गर्दा दुःखको सागरबाट पार पाइएला कि भन्यो, धने उतिनै गाडिदै जान्छ। अधियाँमा कमाउन लिएको खेतको व्याडमा साहुका छोराले भैंसी छाडेपछि उसको रिसको पारो नाघ्छ। रिसलाई सम्हाल्न नसकेर भैंसीमाथी कोदाली प्रहार गर्दा भैंसी तुहिन्छ। अनि एक हप्ता नबित्दै भैंसी पनि मर्छ। भैंसीको त्यो जरिवाना घरबारी बन्धकी राखेर तिर्छ। तर घरबारी निखन्न धने र मैनासँग कुनै उपाय हुँदैन।

सधैभरि साहुको किचकिच र कुनै उपाय नलागेपछि घर, गाउँ, हुर्केको समाजनै छाड्ने निधो गर्छन दम्पत्तिले। भएभरको जायजेथा, गोठमा रहेका गोरु, बाख्रा, परेवा साहुको जिम्मा लगाउँदा उनीहरुलाई ७५ रुपैयाँ हात लाग्छ। त्यही रकम लिएर उनीहरु अज्ञात थलोतिर नयाँ भविष्यको लागि निस्किन्छन्।

बसाई उपन्यासको सार गाउँका साहुहरुले गरिबमाथि गर्ने अत्याचार, शोषण हो। गरिब कसरी गरिबीबाट निरन्तर झर्दै पुर्खाको थातथलो, आफ्नो नाभी गाडेको भूमि छाड्नुपर्ने विवशतमा पुग्छ र गाउँका सामन्तहरु कसरी गरिबका जग्गा चोके, ठेके व्याजले च्यापेर जग्गा जमिन कब्जा गर्छन् भन्ने देखाइएको छ।

अर्कोतिर शहरको मीठो सपनाको मोहमा परेर सोझा सिधा चेलीहरु रिकुटेहरुको जालमा पर्छन, सतीत्व लुटाएर घर न घाटको अवस्थामा पुग्न विवश हुन्छन् भन्ने झुमाको अवस्थाबाट देखाउन खोजिएको छ। गाउँले समाजमा खराबमात्र हुँदैनन्, असल चरित्र र सफा मन भएका मोटे कार्की जस्ता व्यक्तिहरु पनि हुन्छन्। जो अर्काको गर्भ समेत स्वीकारेर मानवता देखाउँछन्।

बसाई पढ्ने पाठकहरुलाई सबैभन्दा भावुक बनाउने सन्दर्भ चाहि जब कुखुराको डाँकोमै कसैले थाहा नपाउने गरि घरबाट निस्किएर गाउँ छाड्ने क्रममा धने, मैना र सानो छोरा हुन्छन् त्यतिखेरको अवस्था साह्रै कारुणिक हुन्छ। मनमा जतिसुकै पीडा र आँखामा आँशु भएपनि मैनाले आफूले रोपेको तुलसीको विरुवामा 'भोलीदेखि तिम्लाई कस्ले पानी देला र ?' भन्दै पानी चढाएको, निस्किनै लाग्दा परेवा घुरेको सुनेपछि फेरि भित्र पसेर घैंटामा बल्लतल्ल फेला पारेको कनिका दिएको, गोठमा बाँधेको गोरुलाई मुसार्दै 'आजबाट तिमीहरुका नयाँ मालिक आउँछन्, तिनलाई नहान्नु।

सोझो भएर काम गर्नु' भनेको र बाख्राका साना पाठाहरुलाई मुसारेर गाला जोडेको बर्णित दृश्यहरु पाठकलाई धरधरी रुवाउने सन्दर्भ हुन्।

मैनाले आफू बिहे गरेर त्यो घरमा पसेदेखिका साथी बनाएकी ढिकी, जाँतो, घरका हरेक थामो, बलोलाई अँगालो हालेकी छिन्। सबै चिज, प्राणीहरुसँग उनको भावनात्मक सम्बन्ध गाँसिएको छ। त्यसैले उनी छाड्न सकिरहेकी छैनन्।

बसाई एउटा उत्कृष्ठ सामाजीक उपन्यास हो। जुन कृति नेपाली भाषी हरेकका आफ्नो घरको बुककेसमा रहनुपर्छ। किनकी हाम्रा आउँदो पुस्तालाई हामीले हाम्रो संस्कृति मात्र होइन, हाम्रो साहित्य दिनुपर्छ। राजनैतिक इतिहासमा राजनीतिका कुरा उल्लेख हुन्छन्, आर्थिक इतिहासमा आर्थिक प्रसंगहरु हुन्छन्। तर साहित्यिक कृतिले त्यतिखेरको समाजलाई छर्लंग देखाउँछ।

(अबदेखि हरेक १५ दिनमा ५० वर्ष पुराना कृतिहरु अध्ययन गरेर पाठक अनुभूतिका रुपमा प्रकाशित हुनेछ। पाठक वर्गलाई कुनै कृतिका बारेमा सुझाव दिन वा टिप्पणी पढ्न चाहना भएमा आग्रह गर्न सक्नुहुनेछ।)

# वन पैदावारबाट चार करोड आम्दानी

भरतपुर। जिल्ला वन पैदावार आपूर्ति समिति चितवनले आर्थिक वर्ष २०८२/८३ मा काठ, दाउरा तथा अन्य वन पैदावार बिक्री गरी रु तीन करोड ९४ लाख ५० हजार ८८४ आम्दानी गरेको छ। सोही अवधिमा समितिले रु तीन करोड ४८ लाख ३८ हजार ३०० भन्दा बढी खर्च गरेको थियो।

समितिका अध्यक्ष एवम् डिभिजन वन कार्यालयका प्रमुख विष्णुप्रसाद आचार्यका अनुसार समितिले राष्ट्रिय वनअन्तर्गतको बरन्डाभार वन संरक्षण क्षेत्र तथा लिलाम बिक्री हुने सामुदायिक वनबाट काठ तथा दाउरा सङ्कलन गरी बिक्रीवितरण गर्दै आएको छ।

समितिले विभिन्न वन पैदावार बिक्रीबाट प्राप्त रकममध्ये चिरान काठबाट सबैभन्दा बढी आम्दानी गरेको छ। गत आर्थिक वर्षमा आठ हजार ५७३ दशमलव ११ क्युविकफिट चिरान काठ बिक्रीबाट रु दुई करोड ८३ लाख ६१ हजार ६३५ आम्दानी भएको उनले जानकारी दिए। उनका अनुसार गोलिया काठ, बेसाइज, बाकल, चट्टा दाउर र भुस बिक्री गरिएको हो।

प्रमुख आचार्यले समितिद्वारा बिक्री गर्ने वन पैदावारको दररेट, मूल्य अभिवृद्धि कर र अन्तिम बिक्री मूल्य निर्धारण गरी बिक्री गरिने बताए। सालको काठको दर प्रतिक्युविक फिट रु दुई हजार ९६४ दशमलव ६२ मा १३ प्रतिशत मूल्य अभिवृद्धि कर रु ३८५ दशमलव चार थप गरी प्रतिक्युविक फिट रु तीन हजार ३५० निर्धारण गरिएको उनले जानकारी दिए।

त्यसैगरी सालको अनसाइज (स्ट्रिप) को दर प्रतिक्विन्टल रु तीन हजार ९७ दशमलव ४ मा रु ४०२ दशमलव सात मूल्य अभिवृद्धि कर थप, बाकलको दर प्रतिक्विन्टल रु ७५२ दशमलव २ मा रु ९७ दशमलव ७९ मूल्य अभिवृद्धि कर तथा भुसको दर प्रतिकिलोग्राम रु ३ दशमलव ९८३ मा रु शून्य दशमलव पाँच मूल्य अभिवृद्धि कर थप गरी बिक्री भइरहेको उनले बताए।

सञ्चालन, संरक्षण तथा पूर्वाधार विकासका विभिन्न शीर्षकमा रु तीन करोड ४८ लाख ३८ हजार ३०० भन्दाबढी खर्च भएको समितिले जनाएको छ। खर्चको मुख्य हिस्सा काठ, दाउरा उत्पादन तथा खरिदमा भएको प्रमुख आचार्यले बताए।

काठ, दाउरा उत्पादन तथा खरिदतर्फ रु एक करोड ६२ लाख ८२ हजार ६३०, कार्यालय व्यवस्थापनतर्फ रु ५२ लाख ५२ हजार २२६, पूर्वाधार विकास तथा निर्माणसम्बन्धी रु ५० लाख ४२ हजार ३२६, आपूर्ति समिति सञ्चालनार्थ प्रशासनतर्फ रु ३२ लाख ८१ हजार १८०, बरन्डाभार वन संरक्षण क्षेत्र परिषद्मार्फत सञ्चालित कार्यक्रममा रु २७ लाख २२ हजार ७९६ तथा वन, वातावरण संरक्षण, विकास तथा व्यवस्थापन कार्यक्रममा रु २२ लाख ५७ हजार १५९ खर्च भएको समितिले जनाएको छ।

प्रमुख आचार्यले सङ्कलित राजस्व र खर्चमा पारदर्शिता कायम गर्दै आगामी दिनमा वन पैदावारको सहज आपूर्ति तथा बरन्डाभार संरक्षण क्षेत्रको दिगो व्यवस्थापनमा थप जोड दिइने बताए।

## स्वास्थ्य/खेलकुद



# ग्यास्ट्रिकबाट बच्ने यस्ता छन् घरेलु उपायहरु

ग्यास्ट्रिकले गर्दा पेट दुख्ने, पोल्ने, अम्लपित्त बढ्ने आदि लक्षणयुक्त समस्या आउँछन्। ग्यास्ट्रिक भएकाहरुलाई वाकवाकी लाग्ने, वान्ता हुने, ढ्याउ ढ्याउ आउनु, वान्तामा रगत देखिने, कालो दिसा आउने, खाना नपच्ने, तौल कम हुने, छाती र पेटको बीचको खाल्टो वरिपरि दुख्ने, पेट पोल्नु, भोक हराउनु, अम्लपित बढ्नु, मुख बिग्रिनु, पेट भारी हुनु, आपन वायु बढ्ने आदि लक्षण पनि देखा पर्छन।यसबाट कसरी बच्ने भन्ने बारे केही घरेलु उपायहरूबारे तल उल्लेख गथरिएको छ।

दालचिनी तातेको दूधमा आधा चम्चा दालचिनी को धूलो, मह अलिकति राखेर मिसाउने र यसको सेवन राती सुत्नु अगाडि गर्नु। यसले ग्यास्ट्रिकको समस्या कम गर्न मदत गर्दछ।

हिंग हिंगमा पानी मिसाइ यसको पेस्ट बनाउनु र यसलाई पेटमा राखी केही समय राख्नु। यस्तो गर्दा यो समस्या हट्दै जान्छ।

जिरा बिउ एक ग्लास तातो पानीमा एक चम्चा जिरा बिउ राखेर उमाल्ने र केही समय सम्म यसलाई ढाकेर राख्ने र त्यसपछि यसको सेवन गर्नुहोस्।

लसुन २, ३ वटा लसुनलाई आगोमा पोल्नुस् त्यसपछि त्यसको बोक्रा निकालेर खानुहोस्। ताजा लसुनलाई पिसनु, जिराको धूलो, जिराको गेडालाई पानीमा राखी उमाल्नु र यसको सेवन गर्नु।

सुप सौंप पनि एक प्रकारको औषधिकै रुपमा लिन सकिन्छ। पानीमा सौंपको दाना राखी उमाल्नस् र सेलाए पछि खानुहोस्।

पुदिना एक ग्लास पानीमा ताजा पुदिना राखेर उमाल्ने र सेलाएपछि त्यसमा मह हालेर दिनको दुई र तीन पटक खानुहोस्। यसले ग्यास्ट्रिक समस्यालाई हटाउन मदत गर्दछ।

बेसारको पात बेसारको पातलाई सबैभन्दा राम्रो ग्यास्ट्रिकको औषधिको रुपमा मानिन्छ। दिनको एक ग्लास दुधमा चप गरेको बेसारको पात मिसाउनु र दिनहुँ पिउनुहोस्। यसो गर्दा ग्यास्ट्रिकको समस्या कम हुँदै जानेछ।

अम्बाको पात एउटा अम्बाको पात लिनुहोस् र त्यसलाई पानीमा उमाल्नुहोस्। यसलाई दिनहुँ पिउँदा ग्यास्ट्रिकको समस्या कम हुँदै जानेछ।



आलुको जुस आलुलाई सफा गर्नुहोस् र त्यसपछि बोक्रा हटाई चप गरेर पानीमा उमाल्नुस्। दिनकै एक ग्लास ३ पटक खाना अघि पिउनुहोस्।

अदुवा ग्यास्ट्रिकको समस्या कम गर्ने अर्को तरिका अदुवा हो। अदुवालाई औषधिको रुपमा पनि मानिन्छ। दिनहुँ खाना खाएपछि ताजा अदुवाको टुक्रा चपाउनुहोस् यो समस्या आफैं टाढा हुन्छ। यसरी अदुवाको धूलो, नुन, हिंग पानीमा मिसाउनु र दिनहुँ पिउने गर्नुहोस्।

बेकिङ सोडा बेकिङ सोडामा धेरै मात्रामा Antacid भएको कारण यसले ग्यास्ट्रिकको समस्या हटाउन मदत गर्दछ। एक ग्लासमा आधा चम्चा बेकिङ सोडा राखेर मिसाउनुस् र दिनहुँ यसको प्रयोग गर्ने गर्नुहोस्।

# सूचना सूचना सूचना

नेपाल सरकारको सन् २०३० सम्ममा कुकुरको टोकाईवाट मानवमा रेविज शुन्यमा झार्ने प्रतिवद्धता अनुरुप भरतपुर महानगरपालिका, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखाले महानगर भित्रका आफ्नो वरपरको तथा घरपालुवा कुकुर/विरालोहरुमा निःशुल्क रेबिज विरुद्ध खोप कार्यक्रम तपसिल सेवा केन्द्रहरुमा संचालन गरिरहेको हुँदा सम्वन्धित टोलवासी तथा सरोकारवालाहरुलाई यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**निःशुल्क रेबिज खोप कार्यक्रम संचालन हुने स्थानहरू**

१. पशु सेवा केन्द्र, लंकु
२. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, मंगलपुर
३. पशु सेवा केन्द्र, शारदानगर
४. पशु सेवा केन्द्र, गुन्जानगर
५. पशु सेवा केन्द्र, मेघौली
६. पशु सेवा केन्द्र, पटिहानी
७. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, गीतानगर
८. वडा नं २९, जुगेडी

याद राखौ रेविज एक प्राण घातक रोग हो, जुन रोग देखा परेपछि मृत्यु निश्चित रहेको हुँदा यसवाट जोगिन अनिवार्य रुपमा कुकुरहरुमा नियमित खोप लगाऔं।

**भरतपुर महानगरपालिका**
**कृषि तथा पशुपन्छी**
**व्यवसाय प्रवर्द्धन शाखा**

# आतङ्क मच्चाउने बाघ नियन्त्रणमा

राप्ती। चितवनको राप्ती नगरपालिकाको एक बस्तीमा पसेर आतङ्क मच्चाएको एउटा बाघलाई चितवन राष्ट्रिय निकुञ्जको टोलीले नियन्त्रणमा लिएको छ। राप्ती नगरपालिका वडा नं १ को बस्तीमा पसेको उक्त बाघलाई निकुञ्जको प्राविधिक टोलीले हात्तीको सहयोगमा नियन्त्रणमा लिएको हो।

आइतबार बिहान ६:३० बजे अचानक बस्तीमा बाघ पसेपछि स्थानीयवासी त्रसित बनेका थिए। बाघको आक्रमणबाट स्थानीय ६० वर्षीय ठाकुर अधिकारी घाइते भएका छन्। यस्तै दिलाकुमारी तामाङको एउटा गाई सामान्य घाइते भएको छ। बाघको आक्रमणबाट घाइते भएका अधिकारीको हाल भरतपुर सरकारी अस्पतालमा उपचार भइरहेको छ। उनको अवस्था सामान्य रहेको जनाइएको छ।

घटनालगत्तै स्थानीय प्रशासन र निकुञ्ज प्रशासनलाई खबर गरिएको थियो। खबर पाउनासाथ निकुञ्जबाट हात्ती र प्राविधिक टोली घटनास्थलमा खटिएको थियो। टोलीको अथक प्रयासपछि बिहान १०:३० बजे बाघलाई 'डार्ट' (बेहोस) गरेर नियन्त्रणमा लिइएको निकुञ्ज प्रशासनले जनाएको छ।

बस्तीमा पसेर उपद्रो मच्चाएको बाघ नियन्त्रणमा आएसँगै लामो समयदेखि डर र त्रासमा बसेका स्थानीयवासीले राहतको सास फेरेका छन्। नियन्त्रणमा लिइएको बाघलाई निकुञ्जको सुरक्षित स्थानमा लैजाने तयारी भइरहेको छ।






# फायर क्लबमा दुई समूहबीच झडप

नारायणगढ। भरतपुर महानगरपालिका-३, लायन्सचोकस्थित फायर क्लबमा दुई समूहबीच झडप हुँदा चार जना घाइते भएका छन्।

शुक्रबार राति करिब १:२० बजे फायर क्लबमा झगडा तथा कुटपिट भइरहेको सूचना प्राप्त भएपछि वडा प्रहरी कार्यालय नारायणगढबाट प्रहरी टोली घटनास्थल पुगेको थियो। घाइतेहरूलाई तत्काल उपचारका लागि नयाँ मेडिकल कलेज, भरतपुर पठाइएको चितवनले प्रहरी जनाएको छ।

प्रहरीका अनुसार घटनामा संलग्नमध्ये भरतपुर महानगरपालिका-४ बस्ने ३२ वर्षीय हिमाल रसाइलीलाई नियन्त्रणमा लिएको छ भने अन्य फरार व्यक्तिहरूको खोजी भइरहेको छ।

घाइते हुनेमा नवलपुरको बौदीकाली गाउँपालिका-१ का १७ वर्षीय मदन क्षेत्री रहेका छन्। उनको टाउको र तिघ्रामा चोट लागेको र अवस्था मध्यम रहेको छ। त्यस्तै, भरतपुर महानगरपालिका-१७ का २६ वर्षीय रोहन तामाङको बायाँ कोखामा चोट लागेको छ भने उनको अवस्था पनि मध्यम रहेको प्रहरीले जनाएको छ।

कालिका नगरपालिका-९ का २३ वर्षीय विशाल मगरको अवस्था सामान्य रहेको छ भने कपिलवस्तुको तौलिहवा नगरपालिका-१ का ३५ वर्षीय मो. सरपराजको बायाँ पाखुरामा चोट लागेको र अवस्था सामान्य रहेको छ।

घटनाबारे थप अनुसन्धान भइरहेको तथा फरार व्यक्तिहरूको खोजी जारी रहेको प्रहरीले जनाएको छ।


Cell: 9845067414
B. & B. Media Network [P.] Ltd.
Bharatpur, Chitwan

Remember for :
Visiting card | Wedding card | Number Plate
Color Print | Nylon Stamp | Bill/Receipt
Computer Design | Flex/Photo Print | All kinds of Printing Job

# आयकर तथा भ्याटसम्बन्धी फाइलिङ तालिम

भरतपुर। चितवन उद्योग वाणिज्य संघको आयोजना तथा जिआइजेड-आरएसआरएसडीको प्राविधिक सहयोग एवम् विद्युत् व्यवसायी संघ, चितवनको समन्वयमा भरतपुर-४ मा व्यवसायीहरूका लागि 'आयकर तथा मूल्य अभिवृद्धि करसम्बन्धी इलेक्ट्रोनिक फाइलिङ विषयक एकदिने तालिम सम्पन्न भएको छ।



कार्यक्रम उद्योगी-व्यवसायीहरूलाई आयकर, मूल्य अभिवृद्धि करका सिद्धान्तहरू र विद्युतीय माध्यमबाट समयमै कर विवरण पेस गर्ने प्रक्रियाबारे विस्तृत जानकारी गराउने उद्देश्यले तालिम आयोजना गरिएको हो।

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै चितवन उद्योग वाणिज्य संघका अध्यक्ष चिरञ्जीवी सुवेदीले प्रविधिको द्रुत विकाससँगै निजी क्षेत्रले पनि आफ्ना परम्परागत कार्यशैली सुधार्नुपर्नेमा जोड दिए। उनले भने, 'अहिलेको समयमा करको कानुनी दायरा पालना गर्नु मात्र पर्याप्त छैन, प्रविधिलाई आत्मसात् गर्दै आफ्नो व्यवसायलाई स्मार्ट बनाउनु उत्तिकै आवश्यक छ।'

कार्यक्रमका प्रमुखअतिथि एवम् आन्तरिक राजस्व कार्यालय भरतपुरका प्रमुख कर अधिकृत पुण्यविक्रम खड्काले नेपालको कर प्रशासन पूर्णरूपमा डिजिटल र प्रविधिमैत्री बन्दै गइरहेको स्पष्ट पार्दै करदाता र कर प्रशासनबीचको सम्बन्धलाई थप पारदर्शी र विश्वासिलो बनाउन ' इलेक्ट्रोनिक फाइलिङ'को ठूलो भूमिका रहेको बताए। उनले करका नीति नियमहरुका बारेमा जानकारी गराउँदै धेरैजसो व्यवसायीहरू प्रविधिको सही ज्ञान नहुँदा वा समयमा विवरण पेस नगर्दा अनावश्यक जरिवाना र असुविधामा पर्ने गरेको बताए।

कार्यक्रममा चितवन उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष राजेन्द्र ओलीले आजको प्रतिस्पर्धात्मक बजारमा प्रत्येक व्यवसायीलाई कर नीति र डिजिटल प्रणालीबारे पूर्ण ज्ञान हुन अपरिहार्य रहेको बताए। यस्तै, विद्युत व्यवसायी संघका अध्यक्ष विष्णुप्रसाद चालिसेले विद्युत् व्यवसायीहरूलाई प्रविधिको पहुँचमा ल्याउन यो तालिम अत्यन्त फलदायी रहेको बताए।

चितवन उद्योग वाणिज्य संघका राजस्व सल्लाहकार सिए विमान कार्कीले प्रशिक्षण दिएको तालिममा चितवनमा विद्युतीय समाग्रीको कारोबार गर्ने १०० जना व्यवसायीहरुको सहभागिता रहेको थियो।

कार्यक्रममा चितवन उद्योग वाणिज्य संघका उपाध्यक्ष नारायण प्रधान, तालिम संयोजक विष्णु लम्साल, कार्यकारी निर्देशक निलबहादुर के.सी कार्यसमिति सदस्य नवराज सुवेदी, अशोक प्रसाद लामिछाने, श्रीकृष्ण लम्साल, सूचना प्रविधि अधिकृत विनायक लम्साल, नेपाल विद्युतीय व्यवसायी महासंघका उपाध्यक्ष लेखनाथ सापकोटा, पूर्वअध्यक्ष तेजनारायण खरेल, विद्युत् व्यवसायी संघ चितवनका संस्थापक अध्यक्ष बामदेव शर्मा घिमिरेलगायत पूर्वअध्यक्ष, पदाधिकारी कार्यसमिति सदस्यहरुको सहभागिता रहेको थियो।

चितवन उद्योग वाणिज्य संघका अध्यक्ष चिरञ्जीवी सुवेदीको अध्यक्षतामा सम्पन्न तालिमको औपचारिक सत्र संघका कार्यक्रम अधिकृत गणेश सुवेदीले सञ्चालन गरेका थिए।









## फिल्म/मनोरञ्जन



# "गौँथली"को व्यापार २३ करोड बढी, दोस्रो स्थानमा

काठमाडौं। १ साउनबाट प्रदर्शनमा आएको फिल्म 'गौँथली'ले घरेलु बक्स अफिसमा २३ करोडको आँकडा पार गरेको छ। सोमबार चलचित्र विकास बोर्डले सार्वजनिक गरेको सिनेपाः विवरणमा फिल्मको कमाइ २३ करोड ५५ लाख १२ हजार ५०२ रुपैयाँ ग्रस देखिएको छ। फिल्मको यो कमाइ ३१ साउनसम्मको हो। उक्त अवधिसम्म फिल्मका ८ लाख ५५ हजार ७५२ वटा टिकट बिक्री भएका छन्।

फिल्मले पछिल्लो ७ दिनमा मात्र ३ करोड ८४ लाखभन्दा बढी कमाएको देखिन्छ। फिल्मको अघिल्लो आइतबार (२४ साउन)सम्मको कमाइ १९ करोड ७१ लाख ६ हजार ५ रुपैयाँ थियो। यसले फिल्मको व्यापारिक रफ्तार अझै आक्रामक रहेको देखाउँछ। फिल्मले 'टक्सिक' रिलिजअघि अर्थात् १० भदौसम्म २५ करोडको आँकडा पार गर्ने अनुमान गरिएको छ।

'गौँथली' नेपाली फिल्मको इतिहासमा सर्वाधिक कमाउने दोस्रो फिल्म बनिसकेको छ। यसले 'कबड्डी ४'को २१ करोड ४० लाखको रेकर्ड तोड्दै उक्त उपलब्धि हासिल गरेको हो।

अब योभन्दा अगाडि ४६ करोड ८७ लाख ४१ हजार रुपैयाँसहित फिल्म 'पूर्णबहादुरको सारङ्गी' मात्र छ। यो फिल्मको व्यापारलाई उछिन्न भने 'गौँथली'लाई अझै २३ करोडभन्दा बढी कमाउनुपर्छ।




बोर्डले 'गौँथली'सँगै साउन २२ गतेदेखि प्रदर्शनमा आएका दुई फिल्म 'हली' र 'कमला मिस'को कमाइ विवरण पनि सार्वजनिक गरेको छ। जसमा 'हली'ले ७ हजार ७१० वटा टिकट बिक्रीबाट २१ लाख ७७ हजार ६० रुपैयाँ ग्रस कमाएको छ। त्यस्तै, 'कमला मिस'ले ७१८ वटा टिकट बिक्रीबाट २ लाख ६१ हजार ८४५ रुपैयाँ ग्रस कमाएको बोर्डको तथ्यांकमा देखिन्छ।

# "मास्टर्नी" मा लाखमाथिको इभी स्कुटर

काठमाडौं। आगामी शुक्रबार (५ भदौ)बाट प्रदर्शनमा आउन लागेको फिल्म 'मास्टर्नी'ले दर्शकका लागि आकर्षक अफर ल्याएको छ। निर्माण पक्षले फिल्म हेर्दा स्कुटर जित्ने योजना अघि सारेको हो। भदौ ३ गतेदेखि भदौ ९ गतेसम्म खल्ती एपबाट फिल्मको टिकट काट्नेमध्ये एकजना दर्शकले 'बीगस' ब्रान्डको २ लाखमाथि पर्ने इभी स्कुटर प्राप्त गर्नेछन्।




निर्माण पक्षले स्कुटरबाहेक अर्को पुरस्कार पनि सार्वजनिक गरेको छ। खल्ती एपबाट फिल्मको टिकट काट्नेमध्ये एकजनाले ललितपुरको लाँकुरी भञ्ज्याङस्थित दि टेरेसेस् रिसोर्ट एण्ड स्पामा २ दिन समय बिताउने अवसर पाउनेछन्। दि टेरेसेस् रिसोर्ट नेपालको महँगो ५ तारे होटलमध्ये पर्छ। दुवै पुरस्कारका विजेता फिल्म रिलिजको दोस्रो साता घोषणा गरिने जनाइएको छ।

फिल्म प्रदर्शनका लागि अब ४ दिन बाँकी रहँदा अभिनेत्री प्रियंका कार्कीले प्रचार अभियान तीव्र बनाएकी छन्। काठमाडौंमा आयोजना भइरहेका हरेक साना-ठूला कार्यक्रममा उपस्थित भएर उनले दर्शकलाई फिल्म हेर्न आग्रह गरिरहेकी छन्। काठमाडौंको भृकुटीमण्डपमा जारी 'नाइमा मोबिलिटी एक्स्पो'लाई समेत उनले फिल्म प्रचारका लागि प्रयोग गरिन्।

चलचित्र जाँच समितिबाट 'एडल्ट' सर्टिफिकेट पाएको यो फिल्ममा प्रियंकासहित सिम्रन खड्का, आर्यन सिग्देल, दीपकराज गिरी, प्रमोद अग्रहरी, अनुपविक्रम शाही, ऋचा शर्मा, जितु नेपाललगायतका कलाकार हरूको अभिनय रहेको छ।

आयंका फिल्म्सको ब्यानरमा प्रियंका कार्की, क्याबिनेट श्रेष्ठ, आयुष्मान जोशी र प्रनित कार्कीले फिल्मको निर्माण गरेका हुन्। *-फिल्मीखबरबाट।*

# स्कुलका गाडीमा गति नियन्त्रण र उपकरण जडान गरिने

भरतपुर। विद्यालयका सवारी साधनलाई सुरक्षित, अनुशासित र प्रविधिमैत्री बनाउँदै दुर्घटनाको जोखिम न्यूनीकरण गर्न गति नियन्त्रण उपकरण जडान गरिने भएको छ।

जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारी गणेश अर्यालको संयोजकत्वमा बसेको सामुदायिक तथा संस्थागत विद्यालयका सवारीसाधन व्यवस्थापन, नियमन तथा दुर्घटना न्यूनीकरणसम्बन्धी समन्वय बैठकले विद्यार्थी बोक्ने विद्यालयका सबै सवारीसाधनमा अधिकतम गति प्रतिघन्टा ४० किलोमिटर कायम गर्ने निर्णय गरेको हो।

बैठकले विद्यालयका सवारी साधनमा १५ दिनभित्र गति नियन्त्रण गर्ने उपयुक्त प्रविधि जडान गर्नुपर्ने र त्यसको अनुगमन जिल्ला ट्राफिक प्रहरी कार्यालय तथा जिल्ला प्रहरी कार्यालय चितवनले गर्नेछ। गति नियन्त्रण प्रविधि जडान नगरेका सवारीसाधन सञ्चालनमा रोक लगाइने प्रमुख जिल्ला अधिकारी अर्यालले बताए।

विद्यालयका सवारीसाधनको नियमित यान्त्रिक परीक्षण, चालक तथा सहचालकलाई समय-समयमा अनुशिक्षण तथा मादक पदार्थ सेवन नियन्त्रणका उपाय प्रभावकारी बनाउनसमेत बैठकले निर्णय गरेको छ। विद्यालयले सवारी चालकलाई जिम्मेवारी दिनुअघि हरेक दिन मापसे जाँच गर्ने र त्यसको अभिलेख राख्ने व्यवस्था मिलाउनुपर्नेछ।

बैठकमा जिल्ला सुरक्षा प्रमुख, शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख, स्थानीय तहका शिक्षा शाखा प्रमुख, संस्थागत तथा सामुदायिक विद्यालयका प्रधानाध्यापक एवं प्रतिनिधि, शिक्षक, प्राविधिक कम्पनीका प्रतिनिधि तथा विद्यालय र शिक्षासँग सम्बन्धित सरोकारवालाको सहभागिता थियो।

# ग्यासको अभावले सर्वसाधारणको दैनिक जीवन प्रभावित

भरतपुर । चितवनको सदरमुकाम भरतपुरमा खाना पकाउने ग्यासको अभाव चर्किँदा सर्वसाधारणको दैनिक जीवन प्रभावित भएको छ। ग्यासको खोजीमा उपभोक्ता दिनहुँ एक ठाउँबाट अर्को ठाउँ धाउन बाध्य भएका छन् ।

ग्यास अभावले उपभोक्ताहरु प्रभावित बनेपछि जिल्ला प्रशासन कार्यालय चितवनले भूगोल(क्लस्टर)का आधारमा एलपी ग्यास वितरणको व्यवस्था गर्ने जनाएको थियो । तर, सयौँ उपभोक्ता ग्यास नपाएर भौँतारिनुपरेको छ ।

भरतपुरका विजय कमली तीन दिनदेखि खाली सिलिन्डर बोकेर ग्यास खोजिरहेका छन् । ग्यास पाउन नागरिकताको प्रतिलिपि आवश्यक पर्ने जानकारी पाएपछि उनी नागरिकताको फोटोकपीसमेत साथमा लिएर हिँडिरहेका छन् । घरमा साना बच्चा भएकाले खाना पकाउन ग्यास नपाउँदा समस्या झन् बढेको उनको भनाइ छ ।

यस्तै, तनहुँबाट भरतपुरमा अध्ययन गर्न आएकी स्मृति बस्याल ग्यास खोज्न कलेज नै छाडेर लाइनमा बस्नुपरेको बताउँछिन् । ग्यास नहुँदा केही दिन बाहिरको खाना र जङ्कफुडको भर पर्नुपरेको उनको भनाइ छ ।



भरतपुर-१० की ७० वर्षीया सीता पौडेल पनि सात दिनदेखि ग्यासको खोजीमा विभिन्न स्थानमा लाइन बस्दै आएकी छन् । घरमा नातिनी छाडेर ग्यास लिन आउनुपर्दा आफू निकै समस्यामा परेको उनले बताइन् ।

ग्यासको अभावका कारण उपभोक्ता समस्यामा परिरहेका बेला सरकारको आपूर्ति व्यवस्थापनप्रति पनि प्रश्न उठेको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले विभिन्न स्थानमा ग्यासको मौज्दातबारे अनुगमन र छापा अभियान चलाए पनि उपभोक्ताले भने सहजरूपमा ग्यास पाउन सकेका छैनन् ।

यसैबीच, जिल्ला प्रशासन कार्यलय चितवनले ग्यास वितरण गर्दा तत्काल आवश्यकता पर्ने ज्येष्ठ नागरिक, अशक्त एवम् अपाङ्गता भएका व्यक्ति, एकल महिला तथा जिल्लाभित्र सञ्चालित आश्रमहरुका लागि विशेष व्यवस्था गरिएको छ । उनीहरुले सम्बन्धित वडा कार्यालयमा सम्पर्क गरी नाम दर्ता गराउनुपर्ने छ ।

वडा कार्यालयहरुले पहिचान प्रमाणित गरी जिल्ला प्रशासन कार्यालयको टोल-फ्री नम्बर १६६०५६५२००१ मार्फत सिफारिस गरेपछि ग्यास उपलब्ध गराइने छ ।

ग्यास बिक्री तथा वितरणका क्रममा देखिने समस्या र गुनासो व्यवस्थापनका लागि सहायक प्रमुख जिल्ला अधिकारी चूडामणि शर्मा गौतमको संयोजकत्वमा 'क्विक रेस्पोन्स टिम' गठन गरिएको छ ।

ग्याससम्बन्धी सूचना, सुझाव वा गुनासो भएमा सहायक प्रजिअ चूडामणि शर्मा गौतम (९८५५०८१७६८), प्रशासकीय अधिकृत मदन लामा थिङ (९८५५९२२००) वा प्रहरी नायब निरीक्षक यामप्रसाद सापकोटा (९८४४०२९०४३) को मोबाइलमा सम्पर्क गर्न सकिने बताइएको छ ।

प्रशासनले उपभोक्ताहरुलाई आफ्नो नजिकको बिक्रेतासँग सम्पर्क गर्न र तोकिएको क्लस्टरबाहेक अन्यत्र ग्यासका लागि नधाउनसमेत अनुरोध गरेको छ ।

## आफ्नै ...

संरक्षण र प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको बताउँदै आगामी दिनमा तामाङ पत्रकारिता र भाषाको विकासका लागि थप सक्रिय भएर काम गर्ने प्रतिबद्धतासमेत उनीहरूले व्यक्त गरे ।

कार्यक्रम तामाङ पत्रकार संघ चितवनका अध्यक्ष प्रकाश तामाङको अध्यक्षतामा सम्पन्न भएको थियो । संघका सन्तोष तामाङले स्वागत मन्तव्य व्यक्त गरेका थिए भने कार्यक्रमको सञ्चालन प्रतिमा तामाङले गरेकी थिइन् ।

कार्यक्रममा संघकी सदस्य विना तामाङले अतिथिहरूलाई खादा ओढाएर सम्मान गरेकी गरिन् ।

२०५१ साल भदौ १ गते रेडियो नेपालबाट पहिलोपटक तामाङ भाषामा समाचार प्रसारण भएको थियो । सोही दिनको स्मरणमा हरेक वर्ष भदौ १ गते तामाङ प्रसारण दिवस मनाउँदै आइरहेको छ ।

## नारायणी ...

उपस्थित हुने गरेका छन् । सुरूमा अन्योल भए पनि पहिलो दिनदेखि नै देखिएको उत्साहले अभियानलाई थप हौसला दिएको उनले बताए । वर्ल्ड ब्लड डोनर्स अर्गनाइजेसन चितवनको संयोजन तथा नेपाल रेडक्रस सोसाइटी, प्रादेशिक रक्तसञ्चार केन्द्र भरतपुरको प्राविधिक सहयोगमा सञ्चालन भइरहेको यो अभियान विशुद्ध मानवीय सेवाको उद्देश्यले अघि बढाइएको हो ।

गत असार २१ गते परीक्षणका रूपमा सुरू गरिएको यो अभियान अहिले ३० औँ संस्करणसम्म आइपुग्दा ६१९ पिन्ट रगत सङ्कलन भइसकेको छ। २९ औँ संस्करणसम्म ५९४ पिन्ट रगत सङ्कलन भएको थियो । भारी वर्षा वा विशेष अवस्थाबाहेक हरेक साँझ नियमितरूपमा कार्यक्रम सञ्चालन हुँदै आएको छ । सुरूमा भरतपुरबाट ल्याइएका केही रक्तदाताले सुरुवात गरे पनि स्थानीयको उत्साहले नारायणी किनारलाई स्थायी रक्तदान स्थलको रूपमा प्रमाणित गरिदिएको पौडेलको भनाइ छ ।

चितवन, नवलपुर मात्र नभई अन्य जिल्लाबाट आएका व्यक्तिहरू पनि यहाँ रक्तदानमा सहभागी हुन्छन् । विदेशमा बस्ने नेपालीहरूसमेत बिदामा फर्किएर अभियानमा सहभागी हुने गरेका छन् । पौडेलले हालै विदेशबाट आएका दुई महिलाले रक्तदान गर्दा देखाएको खुसीले अभियानलाई थप प्रेरणा दिएको बताए ।

पूर्वजानकारीबिना नै स्वःस्फूर्त रूपमा आउने रक्तदाताको संख्या बढ्दै गएको छ । बिरामीलाई आवश्यक रगत सहजरूपमा उपलब्ध गराउन यो अभियानले महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ । पौडेल भन्छन्, 'रगतको अभावले बिरामीलाई दुःख पर्न नदिनु नै हाम्रो मुख्य उद्देश्य हो ।'

नारायणी नदीकिनार अब केवल विश्राम स्थल मात्र होइन, जीवन बाँड्ने चौतारी बनेको छ । यहाँ घुम्न आउनेले रमाइलो मात्र होइन, मानवीय सेवामा सहभागी हुने अवसर पाउँछन् । यसले समाजमा रक्तदान संस्कृतिलाई मजबुत बनाउँदै गएको छ । अभियानमा स्वयंसेवीहरू निःस्वार्थ रूपमा खटिएका छन् । उनीहरूले रक्तदातालाई सहज वातावरण सिर्जना गर्दै स्वास्थ्य परीक्षणदेखि रक्त सङ्कलनसम्म सहयोग पुऱ्याउँछन् । यसले अभियानलाई व्यवस्थित र विश्वासिलो बनाएको छ ।

यसरी नारायणी नदीकिनारमा सुरू भएको रक्तदान अभियानले स्थानीय समुदायलाई मात्र होइन, अन्य जिल्लाका मानिसलाई समेत जोड्दै गएको छ । मानवीय सेवाको यो निरन्तर प्रयासले समाजमा सकारात्मक ऊर्जा थपेको छ ।

## वन्यजन्तुको ...

यस्तै, भरतपुर-२३ का वडा अध्यक्ष दीपक दवाडीले वन्यजन्तुलाई शत्रु नभई सहअस्तित्वका दृष्टिले हेर्नुपर्नेमा जोड दिए । उनले बाँझो जमिन प्रयोगमा ल्याउनुपर्ने आवश्यकता औँल्याउँदै खेती नगरिए वडाले हस्तक्षेप गर्ने चेतावनीसमेत दिए । बाँझो जमिनका कारण वन्यजन्तु बस्तीमा प्रवेश गर्ने जोखिम बढ्ने भएकाले स्थानीयस्तरमै कृषि तथा वातावरणमैत्री कार्यक्रम अघि बढाउनुपर्ने उनको भनाइ थियो ।

सहभागी सरोकारवालाहरूले वन्यजन्तु संरक्षणसँगै स्थानीय नागरिकको सुरक्षा र जीविकोपार्जनलाई प्राथमिकतामा राखेर योजना बनाउनुपर्नेमा जोड दिए । वन्यजन्तु संरक्षणबाट समुदायले प्रत्यक्ष लाभ लिन सक्ने वातावरण निर्माण गर्न सके संरक्षणप्रति अपनत्व बढ्ने धारणा व्यक्त गरेका थिए ।

कार्यक्रममा जोखिमयुक्त क्षेत्रमा पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउने, निगरानी संयन्त्रलाई मजबुत गर्ने, सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने तथा क्षतिको न्यूनीकरणका लागि तत्काल समन्वय गर्ने विषयमा छलफल भएको थियो ।

केरुङ्गा उपभोक्ता समितिका अध्यक्ष लालबहादुर दवाडीले मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण कुनै एक निकायको मात्र जिम्मेवारी नभई सबै पक्षको साझा दायित्व भएको बताए । उनले भने, 'यसका लागि दीर्घकालीन योजना र व्यावहारिक कार्यक्रमका साथ एकजुट भएर अघि बढ्नुपर्ने देखिन्छ ।'

सहभागीहरूले चितवनमा वन्यजन्तुको बासस्थान संरक्षण, पर्यापर्यटन विस्तार र मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणलाई सँगसँगै अघि बढाउनुपर्नेमा सहमति जनाएका छन् । संरक्षणलाई स्थानीय समुदायको आर्थिक समृद्धिसँग जोड्न सकिए मात्र विकास र संरक्षण दुवैलाई एकसाथ अघि बढाउन सकिने अन्तर्क्रियाबाट निष्कर्ष निकालिएको थियो ।

मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि सहकार्य र समन्वयलाई संस्थागत रूप दिँदै संरक्षण र विकासलाई सन्तुलित ढङ्गले अघि बढाउन सके मात्र समुदाय, वन्यजन्तु र पर्यावरणबीचको सहअस्तित्व सम्भव हुनेमा सहभागीहरुले निष्कर्ष निकालेका थिए ।

## मञ्जुश्री ...

पहिचानको संरक्षणमा म्हाणिपा आमा समूहहरूको महत्वपूर्ण भूमिका रहेको बताए ।

म्हाणिपा आमा समूहले समुदायको विकासका लागि सहकार्य आवश्यक रहेको बताउँदै नयाँ कार्यसमितिले समूहका गतिविधिलाई थप प्रभावकारी बनाउन उनको आग्रह थियो ।

कार्यक्रममा नेपाल तामाङ घेदुङ बागमती प्रदेश सचिवालय सदस्य मोहन स्याङ्बो, भरतपुर महानगरपालिका-१० का वडा सदस्य अनिष लामा लगायत विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको उल्लेख्य उपस्थिति थियो।

समाजका सल्लाहकार नरिमाया लामाले स्वागत मन्तव्य राखेको कार्यक्रम छेच्यु थर्पलिङ गुम्बाका अध्यक्ष पञ्चबहादुर लामाले सञ्चालन गरेका थिए ।

कार्यक्रम मञ्जुश्री म्हाणिपा आमा समूहकी निवर्तमान अध्यक्ष चिनीमाया पाख्रिनको अध्यक्षतामा सम्पन्न भएको हो ।

Babilal Tamang
: 9845067414
newsprabah.com
न्यूजप्रवाह Newsprabah weekly साप्ताहिक
B. & B. MEDIA NETWORK Pvt. Ltd.
Services :
Narayangarh, Chitwan, Off.: 9827201714
◆ Advertisement ◆ Bill / Rasid print ◆ Visiting card
◆ Color Print ◆ Wedding Card ◆ Magzine Design
◆ Computer Type ◆ Pri-ink Nylon Stamp ◆ Number Plate
All Kinds of Printings and Advertisement Purpose.
: blglan530265@gmail.com, newsprabah@gmail.com

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### आकस्मिक एम्बुलेन्स सेवा

| | |
|---|---|
| रेडक्रस चितवन | ५२०१३३ |
| कावासोती | ५४०४१८ |
| परासी | ५२०१२५ |
| रत्ननगर | ५६०२०१ |
| चनौली | ९८४५०५६१३९ |
| ज्योतिनगर | ९८५५०५८४७४ |
| गीतानगर | ९८४५०६५९६३ |
| महेन्द्रचोक | ९८४५११२२८४ |
| गैँडाकोट | ५०११०० |
| पर्सा | ९८५५०५७१७२ |
| पिठुवा | ५६१२७४ |
| पटिहानी | ९८४५०४७४८७ |
| शारदानगर | ९८४५०५६६३७ |
| भण्डारा | ५५०१३३ |
| शक्तिखोर | ९८४५०५६०३३ |
| सहमति, गैँडाकोट | ९८५५०५६५५९ |
| नेपाल क्षयरोग नि. संस्था | ९७४५०६७४०० |

### अस्पताल काठमाडौं

| | |
|---|---|
| वीर अस्पताल | ४२२३८०७ |
| | ४२२१९८८ |
| शिक्षण अस्पताल | ४४१२४०४ |
| | ४४१२५०५ |
| कान्ति बाल अस्पताल | ४४१४७९८ |
| टेकु अस्पताल | ४२५३३९६ |
| | ४२५३३९५ |
| वीरेन्द्र प्रहरी अस्पताल | ४४१२४३० |
| आँखा अस्पताल | ४२६०८१३ |
| | ५५२२२६६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| | ५५२१६१२ |

### अस्पताल चितवन

| | |
|---|---|
| भरतपुर अस्पताल | ५२०१११ |
| क्यान्सर अस्पताल | ५२४५०१ |
| आँखा अस्पताल | ५२०३३३ |
| कलेज अफ मेडिकल साइन्सेस | ५२४२०३ |
| नारायणी सामुदायिक अस्पताल | ५२५५१७ |
| ब्लड बैंक भरतपुर | ५२०८८० |

### प्रहरी प्रशासन

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ५२०१५५ |
| जिल्ला प्रशासन कार्यालय | ५२०१०५ |
| सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय | ५२०५४४ |
| वडा प्रहरी कार्यालय, पुल्चोक | ५७११४६ |
| जिल्ला ट्राफिक कार्यालय | ५२४८९९ |
| इलाका प्रहरी कार्यालय, गैँडाकोट | ५०११९९ |
| विद्युत प्राधिकरण, भरतपुर | ५२०१६६ |
| भरतपुर महानगर | ५२१४६७ |
| रामग्राम नगरपालिका | ५२०१९३ |
| रत्ननगर नगरपालिका | ५६०३४३ |

### पत्रपत्रिका/सञ्चार

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ, चितवन | ५३२६५० |
| नेपाल पत्रकार महासंघ नवलपरासी | ५२०४७९ |
| रेडियो साइनो एफ.एम. | ९८४४१३४३०० |
| सिनर्जी एफ.एम. | ५२६९१६ |
| कालिका एफ.एम. | ५२७१५८ |
| विजय एफ.एम. | ५०१४०४ |
| हाम्रो एफ.एम. | ५३२९९६ |
| कान्तिपुर दैनिक | ५३१३०० |
| चितवन पोष्ट दैनिक | ५९५६२१ |
| अन्नपूर्ण पोष्ट | ५२४५९८ |
| कायाकैरन दैनिक | ५३३१६६ |

न्यूजप्रवाह Newsprabah weekly साप्ताहिक

## साप्ताहिक राशीफल

- ज्यो.प. नारायणप्रसाद ढुलाल
मो. ९८४९५५९५०२

**मेष** यो साता धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ। शेयर बजार तथा आर्थिक कारोबारमा सफलता मिल्नेछ। टाढा रहेका साथीभाइहरूसँग मनोरञ्जक भेटघाट हुनेछ। नजिकको व्यक्तिको सहयोगबाट कार्य पुरा हुनेछ ।

**वृष** यो साता प्यारो साथी सँग भेट हुनेछ। रमाइलो यात्राको योग रहेको छ । साथी भाइको भेटघाटले मन प्रफुल्ल रहला । एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । प्रेम प्रस्तावसमेत प्राप्त हुनसक्छ । विपरीत वर्ग प्रति आकर्षण बढनेछ ।

**मिथुन** यो साता रमणीय, सुखद र धार्मिक यात्राको योग छ। इष्टमित्र एवं साथीभाइहरूसँग भेटघाट हुनेछ। सामाजिक कार्यमा रुचि बढनेछ। शुभकार्यको चर्चा पनि चल्नेछ। मध्य सातामा मन खिन्न हुने स्थिति आउनेछ र बढी धन खर्च होला ।

**कर्कट** यो साता नसोचेको ठाउँबाट धनागम हुनेछ। आज धार्मिक कार्यमा रुचि बढनेछ। शेयर बजारको लगानी र कारोबारमा सफलता मिल्नेछ। विशिष्ट व्यक्तिको सहयोग पाइनेछ। जुक्ति र बुद्धिको प्रयोगले समस्या सुल्झाउन सकिनेछ ।

**सिंह** रोकिएका काम पुनः सुरु हुन सक्छन । कार्य सम्पादनमा सहजता मिल्नेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । नयाँ र शुभ कार्यको योजना समेत बन्नेछ । साताको उत्तरार्ध बाट नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । गरेका काममा पनि ढिलासुस्ती हुने देखिन्छ ।

**कन्या** यो साता रमणीय र सुखद यात्राको योग छ। कहीँकतैबाट कुनै उपहार प्राप्त होला । नजिकको मित्रसँग भेटघाट हुनेछ। नयाँ वस्त्र तथा अलंकार प्राप्ति हुनेछ । साताको मध्यमा मन खिन्न हुने स्थिति आउनेछ। आर्थिक कारोबारमा मन्दी आउनेछ ।

**तुला** यो साता शैक्षिक क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ। नयाँनयाँ व्यक्तिसँग भेटघाट हुने छ। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ। साताको मध्यमा मन खिन्न हुने स्थिति आउनेछ। आर्थिक कारोबारमा मन्दी आउनेछ। यो साताका लागि शुभ अङ्क २,५ र शुभ रङ्ग पहेँलो वा सेतो हो ।

**वृश्चिक** आफूलाई कमजोर भएको अनुभूति हुनेछ। महत्तवपूर्ण कार्यमा व्यवधान आइपर्ला। ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ। साताको उत्तरार्ध बाट नयाँ वस्त्र, अलङ्कारको प्राप्ति हुनेछ। साझेदारीको कार्यबाट राम्रो प्रतिफल प्राप्त मिल्नेछ। महिला वर्गबाट विशेष सहयोग मिल्नेछ।

**धनु** यो साता नयाँ कार्यको थालनी हुनेछ। अधुरा र रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुन सक्नेछ। रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुनेछ। अरूलाई प्रभावित पारेर काम बनाउन सकिनेछ। सहयोगीहरूले काममा साथ दिनेछन ।

**मकर** शुभ समाचार सुन्न पाइएला। छोटो दुरीको लाभदायक यात्रा हुनेछ। उन्नति एवं प्रगतिको वातावरण बन्नेछ भाग्यले विभिन्न अवसर जुराउनेछ। मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ ।

**कुम्भ** यो सातामा नयाँ कार्यको प्रारम्भ गर्न सकिनेछ। माया प्रेममा आत्मियताको बढोत्तरी हुनेछ। रोकिएका काम पुनः सुरु हुन सक्छन। पारिवारिक भेटघाट हुनुका साथै इस्टमित्रहरूसँग पनि मेलमिलाप हुनेछ।

**मिन** यो साता नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला। निर्णायक क्षमतामा कमी आउनेछ। भोजभतेरमा सामेल हुँदा स्वास्थ्यको ख्याल गर्नुहोला। मध्य साताबाट भने लामो समयदेखि प्रतीक्षा गरिएको काम पूरा हुनेछ। शुभकार्यको चर्चा चल्नेछ।

# बागमती प्रदेशका एटीजेद्वारा दुई तामाङ पत्रकार सम्मानित

भरतपुर। तामाङ पत्रकार संघ (एटीजे) बागमती प्रदेशले ३२ औं तामाङ प्रसारण दिवस मनाएको छ। दिवसको अवसरमा बागमती प्रदेशका दुई जना तामाङ पत्रकारलाई पत्रकारिता पुरस्कारबाट सम्मान गरिएको छ।




शनिबार सम्पन्न कार्यक्रममा नयाँ पत्रिका दैनिकमा कार्यरत पत्रकार शान्ति तामाङ र नमस्ते मनहरी डटकमका सञ्चालक जयराम मोक्तान पुरस्कृत भएको तामाङ पत्रकार संघ बागमती प्रदेशका अध्यक्ष ज्ञानेन्द्र तामाङले जानकारी दिए।

धादिङको धुनिबेँसी नगरपालिका-२ निवासी पत्रकार शान्ति तामाङलाई लामो समयदेखि पत्रकारिता क्षेत्रमा योगदान पुऱ्याएको भन्दै स्व. छेमबहादुर-राजकुमार बाँनिया पत्रकारिता पुरस्कार प्रदान तथा मकवानपुरको कैलाश गाउँपालिका-४ निवासी जयराम मोक्तानलाई आइतेसिंह-बुद्धिमाया रुम्बा स्मृति पत्रकारिता पुरस्कारबाट सम्मान गरिएको हो।

नेपालमा तामाङ भाषामा पहिलोपटक रेडियो नेपालबाट समाचार प्रसारण भएको दिनलाई तामाङ प्रसारण दिवसका रूपमा मनाउँदै आइरहेको छ। २०५१ साल भदौ १ गते तामाङ भाषामा समाचार प्रसारण भएको दिनको स्मरणमा प्रत्येक वर्ष यो दिवस मनाउने गरिएको हो।

बागमती प्रदेशका १३ वटै जिल्लाबाट सञ्चार क्षेत्रमा क्रियाशील तामाङ पत्रकार तथा सञ्चारकर्मीहरूको सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो। तामाङ भाषामा विद्युतीय सञ्चार माध्यमबाट समाचार प्रसारण सुरु भएको ऐतिहासिक दिनको सम्झनामा यो दिवस मनाउँदै आएको छ।

कार्यक्रमलाई सम्बोधन गर्दै बागमती प्रदेशका मुख्यमन्त्रीले तामाङ र नेवारी भाषालाई प्रदेशले कामकाजी भाषाका रूपमा लिएको बताए। उनले केही विद्यालयमा मातृभाषामै पठनपाठन गराउन पाठ्यक्रम विकासको काम अघि बढिसकेको जानकारी दिए।

मुख्यमन्त्रीले आफू सानैदेखि तामाङ समुदायसँगै हुर्किएको उल्लेख गर्दै तामाङ भाषा, जाति र समुदायबीचको आपसी सम्बन्ध तथा सद्भावबाट प्रभावित भएर पत्रकारिता पुरस्कार कोष स्थापना गरिएको बताए।

उनले आगामी दिनमा पनि यस्ता पुरस्कार तथा सम्मानले पत्रकारहरूलाई थप सक्रिय भएर कलम चलाउन प्रेरणा दिने विश्वास व्यक्त गरे।

कार्यक्रम तामाङ पत्रकार संघ बागमती प्रदेशका अध्यक्ष ज्ञानेन्द्र तामाङको सभापतित्वमा सम्पन्न भएको थियो।

# १५ जनामा औलो रोगको सङ्क्रमण

भरतपुर। गत आर्थिक वर्षमा जिल्लाका विभिन्न अस्पतालमा उपचारका लागि आएका बिरामीमध्ये १५ जनामा औलो (मलेरिया)को समस्या देखिएको छ। तीन हजार ४१५ जनाको परीक्षणका क्रममा सो संख्यामा सङ्क्रमित भेटिएको हो।

जनस्वास्थ्य कार्यालयका किट नियन्त्रक राम केसीका अनुसार यसरी सङ्क्रमण देखिनेमा वैदेशिक रोजगारीबाट फर्किएका छन्। एनोफिलिस जातको पोथी लामखुट्टेले टोक्दा औलो लाग्ने गर्दछ।

रोग लाग्दा ज्वरो आइरहने वा दिन बिराएर ज्वरो आउने, टाउको बेस्सरी दुख्ने, वान्ता हुने, जाडो हुने, कम्पन छुट्ने, पसिना आएर ज्वरो घट्ने लक्षण देखिने गरेको छ।

आर्थिक वर्ष २०८१/०८२ मा आठ हजार ४०५ जनाको नमुना परीक्षण गर्दा ११ जनामा औलो रोग देखिएको थियो। यस्तै आर्थिक वर्ष २०८०/०८१ मा आठ हजार ८६० जनाको परीक्षण गर्दा १० जनामा सङ्क्रमण देखिएको केसीले जानकारी दिए।

नेपालमा मुख्य गरी दुई प्रजातिका औलोका परजीवी पाइने गर्दछ। प्लाज्मोडियम भाइभेक्स र प्लाज्मोडियम फाल्सिपारम रहेका छन्। नेपालमा तीमध्ये भाइभेक्स




जातको परजीवी बढी देखिने गर्दछ। फाल्सिपारम जातको परजीवी औलो रोगका सङ्क्रमितमध्ये १५ देखि २० प्रतिशमा देखिने गर्दछ। जसले मानिसको स्नायु प्रणालीमा प्रभाव पार्ने उनले बताए।

भाइभेक्स परजीवी ७० देखि ८० प्रतिशत देखिने गरेको छ। विदेशबाट आउने नेपालीमा फाल्सिपारम परजीवी भेटिने गरेको उनले बताए। औलो सङ्क्रमित लामखुट्टेको टोकाइबाट यो रोग सर्दछ। घर गाउँ र समुदाय सफा राखी लामखुट्टेले फुल पार्ने ठाउँलाई पुर्ने, सुत्दा झुलभित्र सुत्नेजस्ता कार्य गर्नु आवश्यक रहेको उनले बताए।

# बाघको आक्रमणबाट एकजना घाइते

राप्ती। राप्ती नगरपालिका-१ डिपाट बस्तीमा बाघको आक्रमणबाट एक स्थानीय घाइते भएका छन्। बाघले गोठमा बाँधेर राखेको गाईलाई समेत आक्रमण गरी घाइते बनाएको छ।


चितवन प्रहरीका अनुसार आइतबार बिहान करिब पौने सात बजे बस्तीमा आएको बाघले राप्ती नगरपालिका-१ निवासी ६० वर्षीय ठाकुर अधिकारीलाई आक्रमण गरेको हो। बाघको आक्रमणबाट घाइते अधिकारीको भरतपुर सरकारी अस्पतालमा उपचार भइरहेको छ प्रहरीले जनाएको छ।

यसै क्रममा सोही स्थानकी दिलकुमारी तामाङको गोठमा बाँधिएको जर्सी गाईलाई समेत बाघले आक्रमण गरेको थियो। बाघलाई नियन्त्रणमा लिन चितवन राष्ट्रिय निकुञ्जबाट हात्तीसहितको टोली घटनास्थलमा पुगेको थियो। टोलीले बिहान करिब १०:३० बजे बाघलाई नियन्त्रणमा लिएको जनाइएको छ।

घटनापछि स्थानीयवासीमा त्रास फैलिएको थियो भने बाघ नियन्त्रणमा लिएपछि सम्भावित थप क्षति टरेको छ।

धार्मिक तथा पर्यटकीय स्थलको अवलोकन गरौं।

● इच्छाकामना मन्दिर। ● लामो झरना। ● उपरदाङगढी। ● बालगौरी पाथिभरा। ● सिराईचुली ● गौरीखोला झरना। ● गुप्तेश्वर महादेव मन्दिर। ● पाथिभरा मंगलागौरी मन्दिर। ● चेपाङ गाउँ लगायतका धार्मिक तथा पर्यटकीय स्थलहरुको अवलोकनका लागि सम्पूर्ण जनसमुदायमा इच्छाकामना गाउँपालिका हार्दिक अनुरोध गर्दछ। आन्तरिक पर्यटनको प्रवर्द्धन गरौं।


दानबहादुर गुरुङ
अध्यक्ष एवम्
इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इच्छाकामना, चितवन

बि. एण्ड बि. मिडिया नेटवर्क प्रा. लि.
भरतपुर, चितवन, मो. ९८४५०६७४१४
ना ४२ प १९९७
हाम्रा सेवाहरू :
ना ४२ प १९९७
नम्बर प्लेट | कलर प्रिन्ट | भिजिटिङ कार्ड
बिल/रसिद | विवाह कार्ड | नाईलन छाप
कम्प्युटर टाईपिङ | बुक सेटिङ/छपाई | म्यागजिन डिजाईन
यहाँ नम्बर प्लेट बनाइन्छ।
पत्रपत्रिकामा विज्ञापन तथा छपाईसम्बन्धी सम्पूर्ण कामका लागि ...।

"तपाईको सेवामा, आजै कल गर्नुहोस्"




❖ चितवन तथा तराईको उच्च गुणस्तरको ईट्टा हरु नेपालको जुनसुकै ठाउँमा चाहिएमा।
❖ गिट्टी, ढुंगा, बालुवा चितवन र नवलपुरको सबै स्थानमा होम डेलिभरिको व्यवस्था।
❖ चितवन र नवलपुरको जुनसुकै स्थानमा घर तथा घडेरी अति आकर्षक र सस्तो मूल्यमा।
सम्पर्क : ९८२७२०१७१४